# नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग
# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६
# कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव सम्बन्धी प्रश्नावली

## गणना निर्देशिका

कोरोना (कोभिड-१९) महामारीको कारणले पूरा विश्व प्रभावित भएको अवस्थामा नेपाल पनि यसबाट अछुतो रहेन । यसले अर्थतन्त्रका विविध क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष असर गरेको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा मानिने औद्योगिक प्रतिष्ठानहरु पनि यसबाट प्रभावित रहेका छन् । यस प्रश्नावलीमा कोरोना (कोभिड-१९) को कारणले उद्योग क्षेत्रमा परेको प्रभाव मापन गर्न त्यससंग सम्बन्धित प्रश्नहरु समावेश गरी विवरणहरु लिन खोजिएको छ ।

१. **परिचयात्मक खण्ड :**
जिल्ला कोड, उद्योग प्रतिष्ठान क्रमसंख्या, प्रश्न नं. १.१ देखि प्रश्न नं. १.६ सम्म यस प्रश्नावलीहरु मूल प्रश्नावलीको बाहिरी पाना र परिचयात्मक विवरणबाट सार्नुपर्दछ ।

२. **प्रश्नावली खण्ड :**

**प्र.नं. २.१ लकडाउन अवधिमा यस प्रतिष्ठानको सञ्चालन स्थिति कस्तो थियो ?**
कोभिड-१९ प्रकोप नियन्त्रण गर्न सरकारले लगाएको लकडाउन अवधिमा यदि प्रतिष्ठानको सञ्चालन स्थिति पूर्ण रूपमा संचालनमा रहेको भए कोड १ मा, कोभिड-१९ प्रकोपको कारणले आशिंक रूपमा संचालनमा रहेका भए कोड २ मा, कोभिड-१९ प्रकोपको कारणले पूर्ण रूपमा बन्द रहेको भए कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ । यदि पूर्ण रूपमा बन्द रहेको भएमा बन्द गर्नुको कारण सोधी राष्ट्रव्यापी लकडाउन आदेश अनुसार बन्द गरेको भए कोड १ मा, संचालक स्वयम्ले बन्द गरेको भए कोड २ मा र यस बाहेक अन्य कुने कारणले पूर्ण रूपमा बन्द गरेको भए कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.२ यस प्रतिष्ठानमा लकडाउन अगाडी कार्यरत र लकडाउनको अवधिमा कटौती/वृद्धि गरिएका कर्मचारी/कामदारहरुको विवरण** :
यस उद्योग प्रतिष्ठानमा उद्योगपति तथा सक्रिय साझेदार, परिवारका सदस्य वा तलब नलिने अन्य व्यक्ति तथा उद्योग प्रतिष्ठानमा काम गरेबापत नियमानुसार नगदी वा जिन्सीको रूपमा तलब, ज्याला, पारिश्रमिक पाउने व्यक्तिहरू उद्योगसंग संलग्न व्यक्तिहरू बुझनुपर्दछ । यस उद्योग प्रतिष्ठानमा लकडाउन हुनु भन्दा अगाडीको कर्मचारी संख्या र कोभिड-१९ प्रकोपको कारणले सरकारले लगाएको लकडाउनको समयमा कटौती तथा वृद्धि गरिएको कर्मचारीको संख्या उल्लेख गर्नुपर्दछ ।
**लकडाउन अगाडी कार्यरत कर्मचारी संख्या :** यसमा कर्मचारी/कामदार संख्या उल्लेख गर्दा प्रतिष्ठानमा २०७६ फागुन १ गते कार्यरत कर्मचारीहरुको संख्याको आधारमा गर्नुपर्दछ ।

**लकडाउनको अवधिमा कटौती गरिएका कर्मचारी संख्या :** यसमा कर्मचारी/कामदार संख्या उल्लेख गर्दा प्रतिष्ठानले लकडाउनको अवधिमा कटौती गरेका कर्मचारीहरुको संख्या उल्लेख गर्नुपर्दछ ।
**लकडाउनको अवधिमा वृद्धि गरिएका कर्मचारी संख्या :** यसमा कर्मचारी/कामदार संख्या उल्लेख गर्दा प्रतिष्ठानले लकडाउनको अवधिमा वृद्धि गरिएका कर्मचारीहरुको संख्या उल्लेख गर्नुपर्दछ ।

**२.२.१ बेतलबी (साझेदार र पारिवारिक)** : बेतलबी साझेदार भन्नाले पारिश्रमिक नलिईकन उद्योग प्रतिष्ठानको कार्यमा सक्रियरूपले संलग्न रहने उद्योगपति तथा साझेदारहरूलाई सम्झनुपर्दछ भने बेतलबी पारिवारिक कामदार भन्नाले कुनै पनि

प्रकारको पारिश्रमिक नलिई हप्ताको कम्तीमा १६ घण्टा (साधारणतया काम गरिने समयको एक तिहाई) काम गर्ने गरी उद्योगपति तथा साझेदारका परिवारका सदस्य उद्योग प्रतिष्ठानको कार्यमा संलग्न रहेकालाई जनाउँदछ ।

**२.२.२ तलबी (नियमित) :** उद्योग प्रतिष्ठानको प्रशासनसम्बन्धी कार्य गर्ने, लेखा राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, नियमित प्राविधिक कर्मचारीहरू तथा उत्पादनशिल कर्मचारीहरू, उद्योग प्रतिष्ठानको सुरक्षाका लागि राखिएका सुरक्षा गार्ड आदि प्रतिष्ठानकै तलबी भर्पाइ (Payroll) बाट तलब पाउने गरिएका ६ महिना वा सोभन्दा बढी अवधिदेखि **अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरू** यसअन्तर्गत पर्दछन् ।

**२.२.३ तलबी (अस्थायी) :** यसअन्तर्गत माथि उल्लेखित समयभन्दा कम समय (६ महिना भन्दा कम समय) का लागि उद्योग प्रतिष्ठानकै तलबी भर्पाइ (Payroll) बाट तलब खाने **नियमित बाहेकका कामदारहरू**/कर्मचारीहरू पर्दछन । अन्य संस्थाबाट भर्ना गरिएका कर्मचारीहरु यसअन्तर्गत पर्दैन ।

**२.२.४ तलबी (करार)** : कुनै प्रतिष्ठानले तलबी भर्पाइ (Payroll) बाट तलब पाउने नियमित तलबी कर्मचारी बाहेक संस्थागत करार गरी अन्य कम्पनी वा संस्थाहरूबाट लिइएका कर्मचारीहरू यसअन्तर्गत पर्दछन् जस्तै संस्थागत करारमा लिएका उत्पादनशील कर्मचारी, सुरक्षा गार्डहरू, सरसफाईका कर्मचारीहरू र संस्थागत करारमा लिएका अन्य कर्मचारीहरू ।

**प्र.नं. २.३ लकडाउन अवधिमा यस प्रतिष्ठानमा कार्यरत कति कर्मचारी/कामदारहरुले तल उल्लेखित अवस्थाहरुको सामना गर्नुपरेको थियो ?**

यस उद्योग प्रतिष्ठानमा कोरोना (कोभिड-१९) महामारीको कारणले उद्योग प्रतिष्ठानले विभिन्न अवस्थाहरुको सामना गरेको हुनसक्दछ र उत्पन्न भएका विभिन्न अवस्थाहरुमा कार्यरत कर्मचारी/कामदारको संख्या के कति रहेको थियो सो संख्या सम्बन्धीत लहरको महलमा उल्लेख गर्नपर्दछ ।

**२.३.१ स्थायी रूपमा तलब नपाउने गरी कामबाट अलग हुन परेको** : लकडाउनको कारणले उद्योग प्रतिष्ठानले सामान्य अवस्थामाभैं वस्तु तथा सेवा उत्पादन गर्न नसकी वा अन्य कुनै कारणले स्थायी रूपमा तलब नपाउने गरी कर्मचारी/कामदारलाई कामबाट अलग गराइएको भए सो संख्या सम्बन्धित लहरको महलमा उल्लेख गर्नुपर्दछ ।

**२.३.२ अस्थायी रूपमा तलब नपाउने गरी कामबाट अलग हुन परेको** : लकडाउनको कारणले उद्योग प्रतिष्ठानले सामान्य अवस्थामाभैं वस्तु तथा सेवा उत्पादन गर्न नसकी वा अन्य कुनै कारणले अस्थायी रूपमा तलब नपाउने गरी कर्मचारी/कामदारलाई कामबाट अलग गराइएको भए सो संख्या सम्बन्धित लहरको महलमा उल्लेख गर्नुपर्दछ ।

**२.३.३ समयमै तलब भुक्तानी नपाएका (ढिला तलब पाएका)** : लकडाउनको कारणले उद्योग प्रतिष्ठानको आम्दानीमा कमी भै वा अन्य कुनै कारणले कर्मचारी/कामदारको तलब भुक्तानीमा ढिलाई भएको भए सोही कर्मचारीहरुको संख्या सम्बन्धित लहरको महलमा उल्लेख गर्नुपर्दछ ।

**२.३.४ आंशिक रूपमा तलब कटौती भएका** : लकडाउनको कारणले उद्योग प्रतिष्ठानको आम्दानीमा कमी भै वा अन्य कुनै कारणले कर्मचारी/कामदारको तलब कटौती गरी आंशिक रकम मात्र भुक्तानी गरेको भए सोही कर्मचारीहरुको संख्या सम्बन्धित लहरको महलमा उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.४ लकडाउनको समयमा कर्मचारी/कामदारको औसतमा कति प्रतिशत तलब कटौती/वृद्धि गर्नुभयो ?**

कोरोना (कोभिड-१९) महामारीको कारणले सिर्जित लकडाउन अवधिमा उद्योग प्रतिष्ठानले उत्पादन गरेको वस्तु तथा सेवामा वृद्धि भएको वा कमी आएको पनि हुन सक्दछ । यस अवधिमा कार्यरत कर्मचारी/कामदारको औसतमा तलब/ज्याला तथा भत्ता/सुविधामा कति प्रतिशतले कटौती वा वृद्धि गरिएको हो, प्रतिशतमा उल्लेख गर्नुपर्दछ । तलब/ज्याला, भत्ता/सुविधामा कुनै परिवर्तन नभएको भएमा "०" लेख्नुपर्दछ । यस प्रश्नावलीमा उल्लेखित तलब/ज्याला र भत्ता/सुविधा भन्नाले मुल निर्देशिकाको पेज नं. १७ मा उल्लेख भए अनुसार हुनेछ ।

**प्र.नं. २.५ उद्योग प्रतिष्ठानको उत्पादन तथा बिक्री विवरण :**

उद्योग प्रतिष्ठानले सामान्य अवधिमा (आ.ब. २०७५/७६), लकडाउन अवधिमा र गत समयको सोही अवधिमा विभिन्न वस्तु वा सेवाको उत्पादन गरेको हुन सक्दछ । यसरी उत्पादित वस्तु वा सेवाको मुल्य सम्बन्धित लहरको महलमा रुपैयाँमा उल्लेख गर्नुपर्दछ । त्यस्तै वस्तु वा सेवा बिक्रीबाट प्राप्त रकम सम्बन्धित लहरको महलमा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

**२.५.१ यस प्रतिष्ठानले सामान्य अवधि (आ.ब. २०७५/७६) मा कति मुल्य वरावरको वस्तु वा सेवाको उत्पादन तथा बिक्री गरेको थियो ?**
उद्योग प्रतिष्ठानले सामान्य अवधिमा (आ.ब. २०७५/७६) उत्पादन गरेको वस्तु तथा सेवाको मूल्य र उत्पादन गरेको वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त रकम रुपैयाँमा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**२.५.२ यस प्रतिष्ठानले लकडाउन अवधिमा कति मुल्य वरावरको वस्तु वा सेवाको उत्पादन तथा बिक्री गर्‍यो ?**
उद्योग प्रतिष्ठानले लकडाउन अवधिमा उत्पादन गरेको वस्तु तथा सेवाको मूल्य र उत्पादन गरेको वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त रकम रुपैयाँमा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**२.५.३ यस प्रतिष्ठानले गत समयको सोही अवधिमा कति मुल्य वरावरको वस्तु वा सेवाको उत्पादन तथा बिक्री गरेको थियो ?**
उद्योग प्रतिष्ठानले गत समयको सोही अवधिमा (२०७५।१२।११ देखि २०७६।०४।०६ सम्म) उत्पादन गरेको उत्पादित वस्तु तथा सेवाको मूल्य र उत्पादन गरेको वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त रकम रुपैयाँमा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.६ कोभिड-१९ को कारणले यस प्रतिष्ठानले तल उल्लेखित चुनौतीहरुको सामना गर्नुपरेको थियो ?**
कोरोना (कोभिड-१९) रोग नियन्त्रणका लागि नेपाल सरकारद्धारा जारी गरिएको लकडाउनको समयमा उद्योग प्रतिष्ठानले विभिन्न प्रकारका चुनौतीहरुको सामना गरेको हुन सक्दछ । प्रश्नमा उल्लेखित विभिन्न चुनौतीहरुमध्ये उद्योग प्रतिष्ठानले सामना गर्नु परेका चुनौतीहरु यकीन गरी सामना गर्नुपरेको भए कोड १ मा र गर्नु नपरेको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । माथि उल्लेखित चुनौतीहरु बाहेक अन्य भएमा कोड १ मा गोलो घेरा लगाई उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.७ लकडाउन अवधिमा यस प्रतिष्ठानले उत्पादन गरेका वस्तु वा सेवा उपभोक्ता/अधिकृत विक्रेता/आपुर्तिकर्तासम्म पुऱ्याउन कुन कुन विधिको प्रयोग गरेको थियो ?**
लकडाउन अवधिमा उद्योग प्रतिष्ठानहरुले आफ्नो व्यवसाय संचालनको लागि उपभोक्ता/अधिकृत विक्रेता/आपुर्तिकर्तासम्म पुऱ्याउन विभिन्न उपाय तथा विधिको प्रयोग गरेका हुन सक्दछन् । यदि यस उद्योग प्रतिष्ठानले आफ्नो व्यवसाय संचालनको लागि उपभोक्ता/अधिकृत बिक्रेता/आपुर्तिकर्तासम्म पुग्न बजारिकरण वा अर्डर लिन टेलिफोनको प्रयोग गरेको भए कोड १ मा, इन्टरनेटको प्रयोग गरेको भए कोड २ मा, सामाजिक संजालको प्रयोग गरेको भए कोड ३ मा, विशेष खालका एप्लिकेशनहरुको प्रयोग गरेको भए कोड ४ मा र अन्य विधि प्रयोग गरेको भए कोड ५ मा गोलो घेरा लगाई सो विधि उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.८ कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न यस प्रतिष्ठानले सरकारसंग कुनै नीति तथा कार्यक्रमहरुको अपेक्षा गरेको छ ?**
कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न यस प्रतिष्ठानले सरकारसंग कुनै नीति तथा कार्यक्रमहरुको अपेक्षा गरेको छ भने कोड १ मा र कुनै नीति तथा कार्यक्रमहरुको अपेक्षा गरेको छैन भने कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. २.१० सोध्नुपर्दछ ।

**प्र.नं. २.९ कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न यस प्रतिष्ठानले सरकारसंग देहायका मध्ये कस्तो नीति तथा कार्यक्रमहरुको अपेक्षा गरेको छ ? (प्राथमिकताक्रम अनुसार उल्लेख गर्नुहोस)**
कोभिड-१९ को प्रकोपको कारण उद्योग प्रतिष्ठानहरूमा प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव परेको हुन्छ । उद्योग व्यवसायमा परेको प्रभावलाई न्यूनीकरण गरी सामान्य अवस्थामा फर्काउन उद्योगपतिहरुले सरकारसँग उपयुक्त नीतिको अपेक्षा गरेका हुनसक्छन् । प्रश्नमा उल्लेखित विभिन्न विकल्पहरुमध्ये कुन कुन नीतिको अपेक्षा गरेको छ, ती सबै विकल्पहरु मध्ये प्राथमिकताक्रम अनुसार पहिलो, दोश्रो र तेश्रो विकल्पको कोडहरु क्रमशः लेख्नुपर्दछ । यदि अन्य कुनै सुविधाको अपेक्षा गरेको भएमा सोको विवरण सम्बन्धित स्थानमा उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.१० कोभिड-१९ प्रकोपको सर्न्दभमा यस प्रतिष्ठानले सरकारबाट कुनै सहयोग/छुट प्राप्त गरेको छ ?**
कोभिड-१९ प्रकोप नियन्त्रणको लागि जारी गरिएको लकडाउन शूरु भए पछि हालसम्म उद्योग प्रतिष्ठानले सरकारबाट कुनै प्रकारको सहयोग (नगद, जिन्सी वा अन्य कुनै) प्राप्त गरेको रहेछ भने कोड १ मा गोलो घेरा लगाई कस्तो किसिमको सहयोग पाएको हो खुलाउने र सो सहयोग/छुटको रकम रुपैयाँमा उल्लेख गर्नुपर्दछ । उद्योग प्रतिष्ठानले कुनै पनि किसिमको सहयोग नपाएको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.११  कोभिड-१९ प्रकोपको सन्र्दभमा यस प्रतिष्ठानले सरकारबाट कुनै सहयोग प्राप्त गर्नका लागि आवेदन दिएको वा प्रक्रियामा रहेको छ ?**

कोभिड-१९ प्रकोपको कारण यस उद्योग प्रतिष्ठानले सरकारबाट कुनै सहयोग प्राप्त गर्नका लागि आवेदन दिएको वा प्रक्रियामा रहेको छ भने कोड १ मा गोलो घेरा लगाउनुपर्दछ र कस्तो किसिमको सहयोग प्राप्त गर्नका लागि आवेदन दिएको वा प्रक्रियामा रहेको हो सो स्पष्ट खुलाउनुपर्दछ । यदि कुनै पनि किसिमको सहयोग प्राप्त गर्नका लागि आवेदन नदिएको वा प्रक्रियामा पनि नरहेको छ भने कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.१२  यो उद्योग प्रतिष्ठान हाल लकडाउन अगाडी जस्तै सामान्य अवस्थामा संचालन भएको छ ?**

यदि उद्योग प्रतिष्ठान हाल सामान्य अवस्थामा संचालन भएको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न नं. २.१४ सोध्नुपर्दछ र यदि यो उद्योग प्रतिष्ठान हाल सामान्य अवस्थामा संचालन भएको छैन भने कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.१३ यस उद्योग प्रतिष्ठान लकडाउन अगाडी जस्तै सामान्य अवस्थामा संचालन हुन अब कति समय लाग्ला ?**

हाल आंशिक संचालन भएको तर लकडाउन अगाडी जस्तै सामान्य अवस्थामा संचालन हुन नसकेको उद्योग प्रतिष्ठान पुर्णरुपमा सामान्य अवस्थामा संचालन हुन अब कति समय लाग्ने हो सोको अनुमानित अवधि महिनामा उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.१४ आगामी दिनमा तपाईको व्यवसायिक योजना के छ ?**

यस उद्योग प्रतिष्ठानको आगामी दिनमा के कस्तो व्यवसायिक योजना छ, सोको विवरण यहाँ लिन खोजिएको छ । यदि उद्योग प्रतिष्ठानको योजना विद्यमान उद्योग व्यवसायलाई यथास्थितिमा निरन्तरता दिने रहेको छ भने कोड १ मा, विद्यमान उद्योग व्यवसायमा साझेदार थप गरी निरन्तरता दिने भएमा कोड २ मा, विद्यमान उद्योग व्यवसायको उत्पादन/कारोबार घटाउने भएमा कोड ३ मा, विद्यमान उद्योग व्यवसायको उत्पादन/कारोबार बढाउन भएमा कोड ४ मा, विद्यमान उद्योग व्यवसाय बन्द गर्ने भएमा कोड ५ मा, विद्यमान उद्योग व्यवसाय बिक्री गर्ने भएमा कोड ६ मा र नयाँ उद्योग व्यवसाय शुरु गर्ने योजना भएमा कोड ७ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.१५  यस उद्योग प्रतिष्ठानले कोभिड-१९ को सन्दर्भमा व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत कुनै योगदान वा सहयोग गरेको थियो ?**

कोभिड-१९ को सन्दर्भमा यस उद्योग प्रतिष्ठानले कुनै व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत कुनै योगदान वा सहयोग गरेको भए कोड १ मा गोलो घेरा लगाई योगदान/सहयोगको विवरण उल्लेख गरी सो योगदान/सहयोग गरेको रकम रुपैयाँमा लेख्नुपर्दछ । यदि कुनै व्यवसायिक सामाजिक योगदान नगरेको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.१६ यस उद्योग प्रतिष्ठानले कोभिड-१९ को कारणबाट समग्रमा जम्मा कति रकम वरावरको क्षति व्यहोर्नु पर्यो ?**

कोरोना संक्रमणको कारणले यस उद्योग प्रतिष्ठानले व्यहोर्नु परेको समग्र क्षतिको रकम रुपैयाँमा यहाँ उल्लेख गर्नुपर्दछ ।

**प्र.नं. २.१७ यस उद्योग प्रतिष्ठानले कोरोना संक्रमणबाट जोगिनको लागि के के उपायहरुको अवलम्बन गरेको छ ? (वहुउत्तर सम्भव छ)**

उद्योग प्रतिष्ठानले कोरोना संक्रमणबाट जोगिनको लागि विभिन्न उपायहरु अवलम्बन गरेको हुन सक्दछ । उद्योग प्रतिष्ठानले अवलम्बन गरेका उपायहरुमध्ये कुन कुन उपायको अवलम्बन गरेको छ सोधी एकीन गर्ने र उपयुक्त विकल्पहरुमा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.१८  यस उद्योग प्रतिष्ठानमा कार्यरत कर्मचारी कामदारमध्ये हालसम्म कसैलाई कोरोना संक्रमण देखिएको छ ?**

उद्योग प्रतिष्ठानमा कार्यरत कर्मचारी कामदारमध्ये हालसम्म कसैलाई कोरोना संक्रमण देखिएको छ भने संक्रमित भएका कर्मचारी/कामदारको सख्या उल्लेख गर्नुपर्दछ, साथै यदि कसैको कोरोना संक्रमणको कारणबाट मृत्यु भएको रहेछ भने मृत्यु भएको संख्या खुलाउनुपर्दछ । हालसम्म कसैलाई कोरोना संक्रमण नदेखिएको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.१९ यस उद्योग प्रतिष्ठानमा कार्यरत कर्मचारी/कामदारहरुको कोरोना बीमा गरिएको छ ?**
उद्योग प्रतिष्ठानमा कार्यरत कर्मचारी कामदारहरुको कोरोना बीमा गरिएको रहेछ भने कोड १ मा गोलो घेरा लगाई कोरोना बीमा गरेको कर्मचारीहरुको सख्या उल्लेख गर्नुपर्दछ । उद्योग प्रतिष्ठानको खर्चमा नभई आफ्नै निजी खर्चमा कुनै कर्मचारी /कामदारले कोरोना बीमा गरेको रहेछ भने पनि बीमा गराएको संख्यामा उल्लेख गर्नुपर्दछ। यदि कुनै पनि कर्मचारी/कामदारको कोरोना बीमा नगरेको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.२० यस उद्योग प्रतिष्ठानले २०७६ चैत्र ११ देखि २०७७ श्रावण ६ सम्म नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रव्यापी लकडाउन बाहेक स्थानीय प्रशासन/तहबाट कोरोना नियन्त्रणको लागि जारी गरिएको अर्को कुनै लकडाउन/निषेधाज्ञाको सामना गर्नुपरेको थियो ?**
उद्योग प्रतिष्ठानले २०७६ चैत्र ११ देखि २०७७ श्रावण ६ सम्म नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रव्यापी लकडाउन बाहेक स्थानीय प्रशासन/तहबाट कोरोना नियन्त्रणको लागि जारी गरिएको अर्को कुनै लकडाउन/निषेधाज्ञाको सामना गर्नुपरेको भए कोड १ मा गोलो घेरा लगाई जम्मा कति दिन लकडाउन/निषेधाज्ञा भएको थियो उल्लेख गर्ने र त्यस्तो कुनै लकडाउन/निषेधाज्ञाको सामना गर्नु नपरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. २.२२ सोध्नुपर्दछ ।

**प्र.नं. २.२१ यदि थियो भने, उक्त अवधिमा यस उद्योग प्रतिष्ठानको संचालन स्थिति कस्तो थियो ?**
२०७६ चैत्र ११ देखि २०७७ श्रावण ६ सम्म गरिएको राष्ट्रव्यापी लकडाउन बाहेक स्थानीय प्रशासन/तहबाट कोरोना नियन्त्रणको लागि गरिएको लकडाउन/निषेधाज्ञाको अवधिमा उद्योग प्रतिष्ठान पूर्ण रूपमा संचालन भएको भए कोड १ मा, आशिंक रूपमा संचालनमा भएको भए कोड २ मा र पूर्ण रूपमा बन्द भएको भए कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

**प्र.नं. २.२२ कोभिड-१९ को कारणले उद्योग व्यवसायमा परेको प्रभाव न्यूनीकरणका लागि सुझावहरु**
अन्तमा कोभिड-१९ को कारण उद्योग व्यवसायमा परेको प्रभाव न्यूनीकरणका लागि उत्तरदाताको तर्फबाट सल्लाह/सुझावहरु भए बढिमा तीनवटा मुख्य बँदाहरु यहाँ उल्लेख गर्नुपर्दछ ।

**जवाफ दिने उद्योगपति वा अन्य सम्बन्धित व्यक्ति**
उक्त जवाफ दिने उद्योगपति वा अन्य व्यवसाय सञ्चालन गर्ने आधिकारिक व्यक्ति वा सो व्यवसायमा संलग्न जानिफकार व्यक्ति जसलाई उत्तरदाताको रूपमा चयन गरी प्रश्नावली भरिएको छ सो व्यक्तिको नाम, पद र अन्तवार्ता मिति लेखि र जवाफ दिने व्यक्तिलाई हस्ताक्षर गराउनुपर्दछ । अत्यमा उद्योग प्रतिष्ठानको कार्यालयको छाप समेत लगाउनुपर्दछ ।

प्रश्नावली भरिसकेपछि अन्त्यमा विवरण सङ्कलन गर्ने कर्मचारीले आफ्नो नाम, हस्ताक्षर र गणना मिति अनिवार्य रूपमा लेख्नुपर्दछ । पछि सम्बन्धित सुपरिवेक्षकले भरिएका प्रश्नावली अनिवार्य रूपमा रुजु गरी अन्त्यमा आफ्नो नाम, हस्ताक्षर र गणना मिति अनिवार्य रूपमा लेख्नुपर्दछ ।